-प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर-
# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/०८३
चलानी नम्बर :- 2034

मितिः २०८३।०१।३०

श्री सम्बन्धित सबै
परशुराम नगरपालिका, डडेल्धुरा ।

**छोरी बुहारी छात्रवृत्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति: २०८३/०१/३०

परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नीति, बजेट तथा कार्यक्रम बमोजिम यस नगरपालिका अन्तर्गत स्थायी ठेगाना भएका छोरी बुहारीहरुलाई स्वीकृत बजेटको अधिनमा रही परशुराम नगरपालिकाको शैक्षिक छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधी, २०८० बमोजिम स्नातक वा स्नातकोत्तर तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षामा अध्ययरत र नगरपालिका क्षेत्रभित्र स्थायी ठेगाना भई प्राविधिक तथा ब्यावसायिक कक्षा तथा तहहरुमा अध्ययनरत छोरी बुहारीहरुलाई प्रति विद्यार्थी अधिकतम रु. १ लाख र साधारण विषयमा स्नातक वा स्नातकोत्तर तहमा अध्ययरत छोरीबुहारीलाई अधिकतम रु. २५ हजार प्रति विद्यार्थी छात्रबृत्ति वितरण गर्ने कार्यक्रम रहेकोले १० दिनभित्र अर्थात २०८३।०२।१३ गते भित्र (अन्तिम दिन सार्वजनिक विदा भएको खण्डमा सोको भोलिपल्ट) देहायका कागजात संलग्न गरी तोकिएको ढाँचामा शिक्षा, युवा तथा खेलकुद शाखामा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८३।०१।३०
खगेन्द्र साउँद
प्रमुख प्रशासकीय अधिकृत

पेश गर्नुपर्ने कागजातहरु:

१. निवेदकको नागरिकताको प्रतिलिपि/जन्मदर्ताको प्रमाणपत्र र कबुलियतनामा ।
२. निवेदकको शैक्षिक प्रमाण पत्र/लब्धाङ्कपत्र/चारित्रिक प्रमाण पत्रको प्रतिलिपि र एक प्रती फोटो ।
३. सम्बन्धित वडाको स्थायी बासिन्दा भएको प्रमाणित गर्ने वडाको सिफारिस पत्र ।
४. नावालकको हकमा परिवारका सदस्यको नागरिकताको प्रतिलिपि ।
५. सम्बन्धित विद्यालय तथा शैक्षिक संथाको सिफारिस गरिएको पत्र ।
६. अपाङ्गता, दलित, आदिवासी, जनजाती, सीमान्तकृत तथा लोपोन्मुख वर्ग, विपन्न वर्गका एकल महिला, शहिद परिवारका सन्तती, द्वन्द पीडित छोरीबुहारी निवेदकले नियमानुसार सम्बन्धित वर्ग प्रमाणित गर्ने प्रमाणपत्रको प्रतिलपी ।

नोट: शैक्षिक छात्रबृत्ति व्यवस्थापन सम्बन्धिको फारमा http://www.parshurammun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै थप जानकारीका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ